बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०७९।०८० च.नं. राजश्व शाखा/..... मितिः २०८०।०३।२८

सूचना ! सूचना !! सूचना !!!

(आर्थिक वर्ष २०८०।०८१ का लागि नदीजन्य पदार्थ (वालुवा तथा वालुवा मिसिएको ग्राभेल) उत्खनन्, संकलन तथा विक्री कार्यको लागि सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी)

(सूचना लागू हुने मिति : २०८०/०३/२८)

स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७४ को अधिनमा रही बेसीशहर नगर कार्यपालिकाको निर्णयानुसार तपसिलमा उल्लेखित नदी तथा खोलाको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी बेसीशहर नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि मिति २०८०।०३।१२ मा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गरिएकोमा पर्न आएका ठेक्काहरुमा एक/एक वटा मात्र फर्म दर्ता भई प्रतिश्पर्धा भएको नपाइएकोले दर्ता भएका फर्महरुलाई आगामी प्रकृयामा कायमै रहने गरी यस कार्यालयको निर्णयानुसार पुनः दोस्रो पटक ७ (सात) दिनको सूचना प्रकाशन गरिएको छ। अन्य थप जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा (०६६-५२०१५०) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

ठेक्काको विवरण

क्र. सं.	ठेक्का नं.	नदी/ खोला	उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र	वडा नं.	उत्खननयोग्य परिमाण (घ.मी.)	मूल्यांकन रकम	बोलपत्र फाराम दस्तुर
१	१/२०८०।८१	मर्स्याङदी	**खासुर अक्कर खण्ड** (तालखोलादेखि भाचोक खोला दोभानसम्म)	१०	५०००	१२५००००	१००० ⊦
२	२/२०८०।८१	मर्स्याङदी	**भोटेफाँट खण्ड** भाचोक खोलादेखि बाँझाखेत मोटरेवल पुलसम्म)	१०	७५०	२०००००	१००० ⊦
३	३/२०८०।८१	मर्स्याङदी	**आँपचौर खण्ड** (आँपचौरको पुलदेखि दक्षिणतर्फ बरबोट खोला माथिसम्म)	१०	१२५०	३१००००	१००० ⊦
४	४/२०८०।८१	मर्स्याङदी	**सालडांडा खण्ड** (थारचौर पुलदेखि तल सालडाडा मुनीको भाग)	२,१०	६८२५	१७०००००	१००० ⊦
५	५/२०८०।८१	मर्स्याङदी	**रानीकुवा टापु मुनीको खण्ड** (मरनघाटमाथिको खण्डदेखि आँपचौरको पुलसम्म)	३	२५००	७०००००	१००० ⊦

हुमनाथ कंडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०६६ ५२०१५०।५२०२०४
Website: www.besishaharmun.gov.np
Email: mun.besishahar@gmail.com
besishaharmunicipality@gmail.com

"हामी सबैको रहर - सभ्य र समृध्द बेसीशहर"

Scanned with CamScanner

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

क्र. सं.	ठेक्का नं.	नदी/ खोला	उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र	वडा नं.	उत्खननयोग्य परिमाण (घ.मी.)	मूल्यांकन रकम	कै.
६	६/२०८०।८१	मर्स्याङदी	**भकुण्डे वोहोराबेसी खण्ड (थुम्कामुनी)** (वोहोरा वउरमुनीको भाग)	२	५६२.५	१४००००	१००० ।-
७	७/२०८०।८१	मर्स्याङदी	**भकुण्डे शिशौघारी खण्ड** भकुण्डे सिसौघारी मुनीदेखि मन्दिर माथिको भाग)	२	७५०	२०००००	१००० ।-
८	८/२०८०।८१	मर्स्याङदी	**गैरीवगर घाट** (उदीपुरको झोपुदेखि साँधखोलासम्म)	१, ११	७५०	२०००००	१००० ।-
९	९/२०८०।८१	मर्स्याङदी	**आर्मी ब्यारेक पुछार** (चिती मोटरेवल पुलदेखि माथि आर्मी ब्यारेक मुनीको भाग)	१,११	३०००	७५००००	१००० ।-
१०	१०/२०८०।८१	मर्स्याङदी	**त्रिवेणी घाट** (मर्स्याङदी नदी र दोर्दी खोलाको दोभान क्षेत्र)	११	२७००	१००००००	१००० ।-
११	११/२०८०।८१	दोर्दी खोला	**दोर्दी खोला क्षेत्र (ढुंगा समेत)** (चिती खण्ड दोर्दी खोला वारीपट्टीको भाग सबै)	११	५६२५	१३९००००	१००० ।-
१२	१२/२०८०।८१	मिदिम खोला	**नाल्मा मिदिमखोला क्षेत्र** (राम्चेखोलादेखि हाँडीखोला हुँदै मिदिम खोलाको नाल्मा खण्ड)	५	७५०	१९००००	१००० ।-

शर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी र प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा रा.बा. बैंक, बेसीशहरमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ ३०४०१००३०१०१०००२ मा नगद जम्मा गरेको भौचर सहित मिति २०८० श्रावण ३ गते बुधवार वेलुकी ५:०० वजेसम्म बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र दाखिला गर्ने बोलपत्रदाताले बोलपत्र फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कवोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम रा.बा. बैंक, बेसीशहरमा रहेको धरौटी खाता नं. ग-३ ३०४०१००३०३०००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा "क" वर्गको वाणिज्य वैकबाट जारी गरेको कम्तीमा १२० दिन अवधिको विडवण्डको सक्कल प्रति पेश गरेको हुनुपर्नेछ ।

हेमनाथ कंडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

३. प्रि-बिड बैठक २०८० श्रावण १ गते सोमबार दिनको २:०० बजे यस कार्यालयमा हुनेछ। इच्छुक बोलपत्र दाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन विदा परेमा सोको भोलिपल्ट सोही समयमा हुनेछ।

४. बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपाईटरको नाम, ठेगाना, फोन नं./मोवाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई २०८० श्रावण ४ गते विहीवार दिनको १२:०० वजेभित्र सिलबन्दी गरी कार्यालयमा हार्डकपी पेश गर्नुपर्नेछ।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रितपूर्वक पर्न आएका बोलपत्र सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन २०८० श्रावण ४ गते दिनको २:०० बजे निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै, बोलपत्रदाता वा निजको प्रतिनिधी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ।

६. बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोहीवाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुग वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. यस कार्यालयवाट बोलपत्र स्वीकृत भएको सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र बोलपत्रदाताले कवोल गरेको पुरै रकमको मुल्य अभिवृद्धि कर (भ्याट १३%) तथा नेपाल सरकारलाई बुझाउनु पर्ने अन्य करहरु चुक्ता गरेको सक्कलै बैंक भौचर समेत लिई कार्यालयमा उपस्थित हुनु पर्नेछ। कवोल अंकको पुरै रकम बुझाउने भएमा न्यूनतम ठेक्का अंक वाहेकको रकममा १०% रकम छुट दिइनेछ। किस्ताका आधारमा रकम बुझाउने भए प्रथम किस्ता वापत ५०% ले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापत ५०% ले हुने रकमको हकमा २०८१ आश्विन मसान्तसम्म अवधि भएको बाणिज्य बैंक अन्तर्गत क वर्गको बैंकबाट जारी भएको सक्कलै बैंक जमानी पत्र (परफर्मेन्स वण्ड) पेश गरेपश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ। दोस्रो किस्ता रकम यस आ.व.को चैत्र मसान्तभित्र बुझाउनु पर्नेछ।

इमनाथ कंडेल
प्रशासकीय अधिकृत

Scanned with CamScanner

८. तोकिएको म्याद भित्र सम्पर्क हुन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार अन्य वोलपत्रदातासँग ठेक्का वन्दोवस्त गरिनेछ।

९. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिकाको कार्यालयलाई वुझाउनु पर्ने वाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेको वोलपत्र फाराम उपर कुनै कारवाही हुनेछैन।

१०. ठेक्का सुचना वमोजिम प्रतिस्पर्धामा भाग लिन इच्छुक फर्म/व्यवसायीलाई सहभागी हुन नदिने गरी कसैले छेकथुन गरेमा, मिलेमतो गरी सिमित प्रतिस्पर्धा गरेको पाइएमा पुनः सुचना गर्न सकिनेछ।

११. नेपाल सरकारले विक्री कर छुटका लागि गरेका निर्णय वाहेक यस वेशीसहर नगरपालिका क्षेत्रभित्र भएर वग्ने नदी खोलावाट नदीजन्य पदार्थ संकलन/उत्खनन् गरे वापत नगरपालिकाको प्राकृतिक श्रोत कर सवैले तिर्नुपर्नेछ। कसैले नगरपालिकाको प्राकृतिक श्रोत कर तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ।

१२. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन्। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना वमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम वमोजिम हुनेछ। अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

१३. "स्थानीय सरकार संचालन ऐन, २०७४", "प्रादेशिक वातावरण संरक्षण ऐन, गण्डकी प्रदेश, २०७७", "ढुंगा, गिटी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७", यस कार्यालयको "वेसीशहर नगरपालिकाको क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्वन्धी कार्यविधि, २०७४", यस कार्यालयको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) २०८०", नदीजन्य निर्माण सामाग्री उपयोग सम्वन्धमा भएका अध्ययन प्रतिवेदन एवं र अन्य प्रचलित कानूनहरु यस ठेक्का सम्झौताका अभिन्न अंग रहने छन्।

.....
इमनाथ कडेल
प्रमुख प्रशासकीय अधिकृत

इमनाथ कंडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner